जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

वर्ष १२ • अंक ३२० • २०८२ भदौं २३ गते सोमबार • 8 Sep. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-




## भाद्र पूर्णिमाको अवसरमा मिथिलाञ्चलभर दिवंगत पुर्खाको आत्माको शान्ति र मोक्षको कामना गर्दै तर्पण

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २२ भदौं**

भाद्र पूर्णिमाको अवसरमा मिथिलाञ्चलभर दिवंगत पुर्खाको आत्माको शान्ति र मोक्षको कामना गर्दै तर्पण गरिएको छ। विशेषगरी धार्मिक एवं सांस्कृतिक नगर जनकपुरधामस्थित गंगासागर पोखरीमा बिहानैदेखि श्रद्धालुको उल्लेख्य भिड देखिएको छ।

काँक्रो, अक्षता र फूलमाला बोकेर आएका श्रद्धालुहरूले पोखरीमा स्नान गरी आफ्नो कुल, गोत्र र पितृको नाम स्मरण गर्दै जल अर्पण गरेका थिए। चामल, तिल र काँक्रो अर्पण गरी आफ्ना पुर्खालाई सम्झिने यो दिनले धार्मिक महत्त्व बोकेको छ। यस दिन गरिने तर्पणले पितृ आत्मा प्रशन्न भई परिवारमा सुख-शान्ति स्थापित हुन्छ र पितृ दोष लाग्दैन भन्ने धार्मिक मान्यता छ। जनकपुरधामका पण्डित राधाकान्त झाका अनुसार भाद्र पूर्णिमामा



विशेषगरी अगस्त मुनिलाई तर्पण गर्ने धार्मिक परम्परा छ। अगस्त मुनि पितृहरूको अग्रज मानिने उनले बताए। यही दिनपछि आश्विन कृष्ण पक्ष प्रतिपदादेखि १६ दिन लामो पितृ पक्ष अर्थात् पार्वण पर्व सुरु हुन्छ। आजको दिन जनकपुरधाम मात्र नभई धनुषा, महोत्तरी, सिरहा, सप्तरी, बारा, पर्सालगायत जिल्लाका नदी, ताल र पोखरीहरूमा समेत तर्पण गरिएको छ। महोत्तरीको बरुणसर पोखरी, सिरहाको कमला नदी, सप्तरीको कमलदह र बागमती नदी किनारमा श्रद्धालुहरूको भिड लागेको थियो। गाउँघरमा पनि परिवारका सदस्यले नजिकैको पोखरी वा नदीमा स्नान गरी सामूहिक पूजा गर्ने परम्परा छ। पण्डित मुकेश झाका अनुसार पितृ तर्पणसँगै दान दक्षिणाको पनि विशेष महत्त्व हुन्छ। आज धेरै श्रद्धालुहरूले अन्न, फलफूल, दक्षिणा दान गरेका छन् भने कतिपय परिवारले गरिब र विपन्नलाई भोजन वितरण गरेका छन्। धार्मिक विश्वासअनुसार यसरी गरिएका दानले पितृ आत्मा प्रशन्न हुन्छ। भोलिदेखि सुरु हुने पितृ पक्ष (पार्वण पर्व) आश्विन कृष्ण पक्षको प्रतिपदादेखि अमावस्यासम्म चल्नेछ। यस अवधिमा दिवंगत पितृलाई सम्झेर तिथिअनुसार श्राद्ध, पिण्डदान र तर्पण गर्ने परम्परा छ। धर्मशास्त्र अनुसार पितृ पक्षलाई पितृ ऋण तिर्ने उत्तम अवसर मानिन्छ। पितृलाई सम्झेर श्राद्ध गर्ने परिवारमा सन्तान वृद्धि, सुख-समृद्धि हुन्छ भन्ने जनविश्वास छ। जनकपुरधामको गंगासागरलाई पितृ तर्पणका लागि पवित्र स्थल मानिन्छ। जनश्रुतिअनुसार त्रेतायुगमा भगवान राम, सीता र ऋषि-मुनिहरूले यही पोखरीमा स्नान गरी पितृलाई तर्पण गरेका थिए। यही कारण यहाँ भाद्र पूर्णिमा र पितृ पक्षमा विशेष चहलपहल हुन्छ।

## जनता प्रति उतरदायी भएर सेवा प्रवाह गर्न निर्देशन

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २२ भदौं**

मधेश प्रदेशका कार्यवाहक मुख्यमन्त्री एवम भौतिक पुर्वाधार विकास मन्त्री सरोज कुमार यादवले जनता प्रति उतरदायी भएर सेवा प्रवाह गर्न निजामती कर्मचारीलाई निर्देशन दिनुभएको छ।



मधेश प्रदेशको राजधानी जनकपुरधाममा निजामती सेवा दिवस २०८२ को अवसरमा मधेश प्रदेश सरकारको गृह सञ्चार तथा कानून मन्त्रालयले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनु भएको हो। उहाँले भन्नुभयो, कर्मचारी र जनप्रतिनिधि एउटै रथमा सवार यात्री हौ। विकास र समृद्धिका लागि जनप्रतिनिधि जति जिम्मेवार हुन्छ त्यती नै कर्मचारी पनि जिम्मेवार हुनुपर्छ। कार्यवाहक मुख्यमन्त्री यादवले इमान्दारिता र निष्ठा पुर्वक काम गर्ने कर्मचारीलाई राज्यले सम्मान गर्ने भन्दै अगामी दिनमा उत्कृष्ट काम गर्ने कर्मचारीको फोटो नै कार्यालयमा झुण्डयाउने व्यवस्था लागु गर्नका लागि आग्रह गर्नुभयो। उहाँले कार्यालयहरुमा यस प्रकारको व्यवस्था भएमा अन्य कर्मचारीलाई पनि यस दिशा निर्देश गर्ने बताउनुभयो।

## जलेश्वर नगरपालिका-११ बालविवाहमुक्त वडा घोषणा

**आरजे इर्शाद शेख**
**महोत्तरी, २२ भदौं**

महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-११ लाई एक विशेष समारोहका बीच बालविवाहमुक्त वडा" घोषणा गरिएको छ। स्थानीय सरकार, सरोकारवाला निकाय, महिला, बालबालिका तथा समुदायको सक्रिय उपस्थितिमा गरिएको यस घोषणाले बाल अधिकार संरक्षण र सामाजिक रूपान्तरणतर्फ ऐतिहासिक कदम चालेको छ।



"बाल विवाह जिन्दगी तवाह" भन्ने नारासहित शुक्रवार सो वडालाई आधिकारिक रूपमा बालविवाहमुक्त घोषणा गरिएको हो। यस अभियानमा रतौली युवा क्लब, सेभ द चिल्ड्रेन, समाज उत्थान कल्याण संघको सहकार्य रहेको कार्यक्रमको अध्यक्षता गर्दै वडाध्यक्ष मनोज कुमार साहले बालविवाह रोक्न गरिएको निर्णय सकारात्मक भएको बताउँदै कार्यान्वयनलाई अझ प्रभावकारी बनाइने उल्लेख गर्नुभयो। उहाँका अनुसार सानो उमेरमा हुने विवाहले प्रजनन स्वास्थ्यमा गम्भीर असर पार्ने भएकाले यस्ता अभियानलाई प्राथमिकताका साथ अघि बढाइएको हो। प्रमुख अतिथि, मधेश प्रदेशका श्रम तथा यातायात मन्त्रि कौशल किशोर रायले बालविवाह समाजका लागि घातक भएको बताउँदै सबैलाई कानुनको पालना गर्न आग्रह गर्नुभयो। साथै उहाँले प्लास्टिकको प्रयोग रोक्दै वातावरणमैत्री व्यवहारमा फर्किनुपर्नेमा पनि जोड दिनुभयो। यस अवसरमा रतौली युवा क्लबका कार्यकारी निर्देशक बैधनाथ चौधरीले महोत्तरी क्षेत्रमा बालविवाहको समस्या गम्भीर रहेको बताउँदै सूचकहरूका आधारमा न्यूनीकरणका लागि अभियान निरन्तर सञ्चालन भइरहेको जानकारी दिनुभयो। समाज उत्थान कल्याण संघका अध्यक्ष रुपेश पासवानले बालविवाह कानुन अनुसार अपराध भएको प्रष्ट पार्दै वडास्तरमा निगरानीलाई बलियो बनाइने बताउनुभयो।

राष्ट्रिय वाल अधिकार परिसदका प्रदेश समन्वय अधिकृतले यस अभियानमा स्थानीय सरकारसँगै गैरसरकारी संस्था र समुदायको भूमिका अत्यन्तै प्रशंसनीय रहेको भन्दै बालविवाह भएको खण्डमा कानुन अनुसार कडाइका साथ कारबाही गरिने चेतावनी दिनुभयो।

GYAN GANGA INT'L PUBLIC SCHOOL
Janakpurdham-12, Airport Road, Dhanusha
Contact : 9844027971, 9824877627



Our Features
* Highly Experienced Teachers' Team.
* Result Oriented Learning Pattern.
* Day Boarders & Healthy Hostel Facility.
* Special Class for Weak Students.
* Robotic & Computer Class Facilities from Grade-1.
* Cricket, Classical Dance, Singing, and others Friday Contest Facilities.
* Monitoring by CC Tv. * Transport Facility.

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence




# कुलतबाट बाहिर निस्कन जरुरी

'कुलतबाट बाहिर निस्कन जरुरी रहेको देखिन्छ। किनभने उनीहरू विवेकहीन हुन जान्छन् । बालबालिका र किशोर किशोरीलाई मात्रै होइन गृहणीहरू पनि उमेर नपुग्दै यस्तो कुलतमा फस्छन् र लगातार कम्प्युटर, मोबाइल चलाएपछि अनेक मानसिक र शारीरिक समस्या देखिन सक्छ । कति महिला घरमा मोबाइलमा, सामाजिक सञ्जालमा गफ गर्ने, फेसबुक चलाउने गर्दा आफ्ना अन्य जिम्मेवारी बिर्सिन्छन् । अनि 'तनाव' भएपछि छोराछोरीलाई गाली गर्ने गरेको देखिन्छ । गाउँघरमा अझै यो समस्या नदेखिए पनि सहरका मध्यम वर्गीय गृहिणीको धेरै फुर्सद हुन्छ अनि 'फेसबुक, इन्टरनेट जस्ता कुलत' समस्यामा पस्न सक्ने देखिन्छ। कतिले त यसको लतमा पसेर बालबालिकालाई खुवाउन, पिउन, स्याहार गर्न पछि बेवास्ता गरेको देखिन्छ । यसले गर्दा परिवारमा कलह पनि हुन जान्छ ।

त्यस्ता गृहिणीको 'शरीर गर्धन दुख्यो' भनेर उपचार पनि गर्छन् । दुखाइ कम गर्ने औषधी मात्र खाएर धेरै बेर कम्प्युटरमा बस्ने वा मोबाइल चलाई नै रहेपछि समस्या त थपिँदै जान्छ। सुरुमा गर्धनका मांसपेशी कक्रक्क हुन्छ, दुख्न थाल्छ, कहिलेकाहीँ त उपचारले निको हुन नसक्ने अवस्था पनि पुग्छ। "त्यस्तै कम्प्युटर मोबाइल हेर्ने कारण घाँटी कक्रक्क पार्न थाल्यो र दुखाई सुरु भयो भने उपचार सोची हाल्नु पर्छ" चिकित्सकहरू भन्छन्। कुलतमा 'नफस्ने' भन्ने कुरा त आफैँ विचार गर्नु पर्छ। लगातार फेसबुक, इन्टरनेट, इस्टाग्राम हेर्दा त्यसलाई वास्तविक संसार मान्नुको सट्टा व्यायाम गर्नुका साथै मोबाइल र कम्प्युटर कम प्रयोग गर्नु र कहिलेकाहीँ यस्तो सञ्जाल नै नहेर्नु पनि रहेको देखिन्छ । त्यसैले यस्तो कुलतबाट बाहिर निस्कन जरुरी रहेको देखिन्छ ।

# नुनथर महादेव मन्दिर अनियमितता र अपराधिक गतिविधिका कारण विवादमा

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, २२ भदौं**



हिन्दुहरूको आस्थाको केन्द्र रौतहटको चन्द्रपुर नगरपालिका-१ मा अवस्थित नुनथर महादेव मन्दिर पछिल्लो समय अनियमितता र आपराधिक गतिविधिका कारण विवादमा परेको छ। मधेस प्रदेशदेखि सीमावर्ती भारतीय भक्तजनहरूको धार्मिक आस्था र श्रद्धाको केन्द्र मानिने यो मन्दिरमा खुलेआम मासु काट्ने कार्यदेखि कर असुलीसम्मका गतिविधि भइरहेको भक्तजनहरूले आरोप छ।

नुनथर महादेव स्थानमा हरेक वर्ष साउन र भदौ महिनामा हजारौं बोलबम भक्तजन बागमती नदीबाट जल ल्याई भगवान् शिवको मूर्तिमा अर्पण गर्दै पूजाअर्चना गर्ने परम्परा रहिआएको छ। मन्दिर छेउमै रहेको बागमती नदीबाट हजारौं भक्तजनहरूले जल लागेर आराध्यदेव महादेव मन्दिरमा चढाउने गर्दछन्। तर पछिल्लो समय पवित्र स्थलको गरिमा मासिन थालेको भन्दै भक्तजन आक्रोशित बनेका छन्। जिल्लाकै धरोहरको रूपमा रहेको नुनथर महादेव मन्दिर व्यवस्थित गर्न कसैले चासो नदेखाएको पाइएको छ। मन्दिरमा पूजा गर्न जाने भक्तजनसँग प्रवेशद्वारमै कर उठाइने गरेको छ, जसलाई श्रद्धामाथिको खुला व्यापारको रूपमा आलोचना गरिएको छ ।

कटहरिया ५ का श्रद्धालु रामचन्द्र गोसाईंका अनुसार नुनथर महादेव मन्दिरमा जल चढाउन दर्शन गर्न जाँदा आफूलाई ठेकदारको मान्छे बताउनेहरुले जबरदस्ती पैसा लिने गर्दछन्। मन्दिरको गेटभित्रै मासु र मदिरा बिक्री हुने गरेको स्थानीय सञ्चारकर्मी तेज विक्रम कार्कीले सामाजिक सञ्जाल फेसबुकमा भिडियो सार्वजनिक गरेका छन् ।

यसबारे नगरपालिका मौन बसेर राजस्व मात्र खोजेको कार्कीको आरोप रहेको छ। साउन महिनामा सोमबार चढाइने भेटी पुजारीहरूको जीविकोपार्जनको आधार भए पनि उक्त रकम कसरी खर्च हुन्छ भन्नेबारे पारदर्शिता छैन । समितिमा कति जान्छ र व्यक्तिगत खल्तीमा कति, भन्ने लेखाजोखा सार्वजनिक छैन।

धार्मिक स्थलसँगै नुनथर एउटा पिकनिक स्पटको रुपमा समेत परिचित रहेको छ । उक्त स्थानमा दैनिक दर्जनौं मानिस पिकनिक मनाउन, रमाईलो गर्न जाने गरेको पाइन्छ। तर पिकनिक भन्दा पनि नुनथर महादेव मन्दिर धार्मिक आस्थाको केन्द्रका रुपमा निकै परिचित रहेको छ।




अनुरोधकर्ता
लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

# एक बालक विगत चार दिनदेखि बेपत्ता




**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २२ भदौं**

महोत्तरीको बर्दिबासमा घरबाट विद्यालय पढ्न हिँडेका एक बालक विगत चार दिनदेखि बेपत्ता रहेका छन्। बर्दिबास नगरपालिका-१२ मा अवस्थित जनता माध्यमिक विद्यालय डाँडाटोलमा कक्षा ६ मा पढ्दै गरेका स्थानीय १३ वर्षीय बालक गौतम पासवान गत बिहीबार घरबाट साइकलमा चढेर पढ्न विद्यालय गएकामा उनी अहिलेसम्म घर फर्केर नआएको निजका काका प्रमोद पासवानले बताए।

गौतम बेपत्ता भएपछि परिवारजनले प्रहरी चौकी हात्तीलेटमा खोजीका लागि निवेदन दिएका छन्। इलाका प्रहरी कार्यालय बर्दिबासका प्रमुख एवं प्रहरी नायब उपरीक्षक प्रकाश बमले पीडित परिवारले प्रहरी चौकीमा बालक खोजतलासका लागि दिएको निवेदनपश्चात् तुरुन्तै सक्रिय भएको प्रहरी टोलीले बालक गौतमको खोजतलास गरिरहेको बताए।

## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: लामो यात्राको योग छ
मिथून: खानपानमा समस्या आउने
कर्कट: मित्रतामा फाटो आउने
सिंह: आम्दानी हुने
कन्या: अनावश्यक चिन्ता
तुला: मनमा पछुतो आउने
वृश्चिक: अशुभ समाचार प्राप्त हुने
धनु: विचार गरेर बोल्नुहोला
मकर: शुभ कार्यको शुरुवात
कूम्भ: पिछडेको साथी मिल्ने
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# पूर्वकूटनीतिज्ञ केपी भन्छन्: भारतबारे गलत भएको ट्रम्पले महसुस गर्नुभयो

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ भदौं**



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हालै भारत-अमेरिका सम्बन्धलाई 'धेरै विशेष सम्बन्ध' भन्दै आफ्नो बोली नरम बनाएपछि पूर्व भारतीय कूटनीतिज्ञ केपी फाबियनले आइतबार ट्रम्पले भारतप्रति अपनाएको आक्रामक व्यापार रणनीति अपेक्षित परिणाम नदिएको महसुस गर्न थालेको प्रतिक्रिया दिएका छन्।

विशेषगरी नयाँदिल्लीले रुसबाट तेल खरिद गर्दा ट्रम्पले थप २५ प्रतिशत कर लगाउने धम्की दिएका थिए । तर फाबियनका अनुसार यसले कुनै ठोस नतिजा ल्याउन सकेन। "प्रधानमन्त्री मोदीले सौहार्दपूर्ण एक्सको उचित जवाफ दिनुभयो। तर यसबाट हामी तत्कालै यसको अन्त्य हुने निष्कर्ष निकाल्न सक्दैनौं, मैले यसलाई 'ट्रिपल टी' – 'ट्रम्प-अप ट्रम्प ट्यारिफ' – भनेको छु । 'ट्रम्प-अप' भन्नुको अर्थ आधारविहीन हो। तर अहिले स्पष्ट छ कि राष्ट्रपति ट्रम्पले भारतले धम्कीपछि आत्मसमर्पण गर्ने उहाँको मूल अपेक्षा गलत भएको महसुस गर्न थाल्नुभएको छ", फाबियनले भने। मित्रवत् सम्बन्ध र पारस्परिक व्यापारका लागि खुला रहँदै आएको भारतले एकपक्षीय निर्णय वा दवाव स्वीकार गर्न नसक्ने उनले बताए।

# जेनजीको प्रदर्शनलाई अभिनेता अनमोल केसीको समर्थन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ भदौं**



अभिनेता अनमोल केसीले जेनजी पुस्ताले भोलि (सोमबार) गर्न लागेको भ्रष्टाचार विरोधी प्रदर्शनलाई समर्थन जनाएका छन्।

उनले आफ्नो फेसबुक पोस्टमार्फत सामाजिक सञ्जालमाथि लगाइएको प्रतिबन्ध र अभिव्यक्ति स्वतन्त्रतालाई दबाउने प्रयासको कडा आलोचना गरेका हुन्। केसीले नेपाली नागरिकहरू चुप लागेर नबस्ने भन्दै सामाजिक सञ्जाल रोकेर सिर्जनशीलता र आवाजलाई दबाउन खोजिए अझ ठूलो स्वरमा उठ्ने बताएका छन् । 'हाम्रो अधिकार कसैले रोक्न सक्दैन । हाम्रो आवाज दबिँदैन,' उनले लेखेका छन् । जेनजीलाई बालेन शाहको समर्थन, भने - म उमेर हदबन्दीको कारण जान मिल्दैन जेनजीलाई बालेन शाहको समर्थन, भने - म उमेर हदबन्दीको कारण जान मिल्दैन उनले नेपाली नागरिकको आवाजलाई बेवास्ता गर्न नसकिने बताउँदै सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्ध चिन्ताजनक रहेको उल्लेख गरेका छन्। अनमोलले एकता, शान्ति र दृढताका साथ आवाजलाई दबाइने नभई सुनिएको नेपालका लागि एकसाथ उभिन आह्वान गरेका छन् । उनले आफ्नो पोस्टमा ३ आवाज उठाउने पुस्ता, ३ जेनजेडको सङ्घर्ष र ३भोलिको भेला) हाम्रो भविष्य जस्ता ह्यासट्यागहरू पनि प्रयोग गरेका छन्।

# आजको विदेशी मुद्राको यस्तो छ विनिमय दर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ भदौं**




नेपाल राष्ट्र बैंकले आइतबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर १४० रुपैयाँ ९३ पैसा र बिक्रीदर १४१ रुपैयाँ ५३ पैसा निर्धारण गरिएको छ ।

युरोपियन युरो एकको खरिददर १६४ रुपैयाँ ६६ पैसा र बिक्रीदर १६५ रुपैयाँ ३६ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १८९ रुपैयाँ ९२ पैसा र बिक्रीदर १९० रुपैयाँ ७३ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १७५ रुपैयाँ ४० पैसा र बिक्रीदर १७६ रुपैयाँ १४ पैसा कायम गरिएको छ । अष्ट्रेलियन डलर एकको खरिददर ९२ रुपैयाँ २२ पैसा र बिक्रीदर ९२ रुपैयाँ ६२ पैसा, क्यानेडियन डलर एकको खरिददर १०२ रुपैयाँ १६ पैसा र बिक्रीदर १०२ रुपैयाँ ९८ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०९ रुपैयाँ ५२ पैसा र बिक्रीदर १०९ रुपैयाँ ९८ पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ ५१ पैसा र बिक्रीदर नौ रुपैयाँ ५५ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ७४ पैसा र बिक्रीदर १९ रुपैयाँ ८३ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ५६ पैसा र बिक्रीदर ३७ रुपैयाँ ७२ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ६७ पैसा र बिक्रीदर ३८ रुपैयाँ ८३ पैसा कायम भएको छ ।

# गोलविहीन खेलमा दुवै टिम सन्तुष्ट

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २२ भदौं**



कहिलेकाहीं 'इन्टरनेसनल फ्रेन्ड्ली' यस्तै हुन्छ । दुवै टिम हार्न नचाहने । यस्तोमा निर्णायक साबित आक्रमण पनि बुन्न नचाहने । नेपाल र बंगलादेशबीच शनिबार दशरथ रंगशालामा भएको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल ठ्याक्कै यस्तै रह्यो ।

पूरा खेल अवधिमा निर्णायक साबित हुनसक्ने आक्रमण दुवै टिमले बुनेनन् । खेल अन्त्यमा गोलरहित बराबरीमै टुंगियो । तर, दुवै टिम एक किसिमले सन्तुष्ट जस्तै देखिए । सन् २०२३ को नोभेम्बरयता पहिलो पटक दशरथ रंगशालामा पुरुष राष्ट्रिय टिमको अन्तर्राष्ट्रिय फुटबल फर्केको थियो । तर, यसले पस्केको खेल दर्शकका लागि मीठो रहेन । त्यसैले टिकट काटेर आएका ४ हजार ८ सय ८ दर्शक सायद खुसी रहेनन् । एउटा तथ्य भने निश्चित रह्यो, सम्भवत: पछिल्लो समय यति धेरै कम दर्शकले घरेलु मैदानमा नेपाली राष्ट्रिय टिमले खेलेको खेल हेरेको हुनुपर्छ । 'हामीले ठीकै खेल्यौं जस्तो लाग्छ, सायद अबको खेलमा बढी दर्शक आउने छन् कि ?' नेपाली खेलाडी रोहित चन्दले पनि माने । अझ उनको तर्क थियो, 'अहिले त हाम्रो लागि दशरथ रंगशालामा खेल्न पाउनु पनि ठूलो हो ।' फेरि खेलमै फर्कने हो भने बंगलादेशी प्रशिक्षक जाभियर क्याब्रेराले पनि माने, खेल आफैंमा निकै 'टाइट' रह्यो । दुवै टिम उस्तै थिए, उस्तै खेले पनि ।







# जनताको एमालेसंग अपेक्षा : राष्ट्रियताको रक्षा, तीव्र विकास, र उत्तरदायी नेतृत्व



-: प्रेमचन्द्र झा :-

-नेकपा (एमाले) ले आफ्नो विधान संशोधनको तयारी गरिरहेको छ, जसले पार्टीको मूल विचारधारादेखि सदस्यता संरचनासम्मका विषयमा गहिरो परिवर्तन ल्याउने संकेत दिएको छ। मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवाद (जबज) लाई पार्टीको केन्द्रीय सिद्धान्तको रूपमा स्वीकार्दै आएको एमालेले अब यी विचारधाराहरूलाई नमान्ने व्यक्तिहरूलाई समेत पार्टीको सदस्यता दिन सक्ने गरी विधान परिवर्तन गर्न लागेको छ।

यसले पार्टीभित्र एक गम्भीर बहस र आलोचना जन्माएको छ, जसको प्रभाव संगठन, कार्यकर्ता मनोबल र आम जनताको विश्वासमा पर्ने देखिन्छ। विगतमा एमालेले पार्टी सदस्यता दिनुअघि राजनीतिक दृष्टिकोण र सिद्धान्तको परीक्षण गर्थ्यो। खासगरी जबज स्वीकार्नेलाई मात्र संगठनमा समावेश गरिन्थ्यो। तर अहिले उक्त प्रावधान हटाउँदै विचारधारात्मक प्रतिबद्धता नभएका व्यक्तिलाई पनि सदस्यता दिने निर्णय हुँदैछ। यस्ता निर्णयहरू 'व्यापकता' र 'समावेशिता' को नाममा गरिए तापनि, यसले पार्टीको मूल चिन्तन र वैचारिक एकताको जगमा आघात पुर्‍याउन सक्छ। नीतिगत शिथिलता र अवसरवादिताको ढोका खुला गरिने हो कि भन्ने आशंका उब्जिएको छ। यसैबीच, पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता नवीकरणसम्बन्धी विवादसमेत सार्वजनिक बहसको विषय बनेको छ। विधानअनुसार स्वचालित रूपमा सदस्यता नविकरण हुनुपर्ने दाबी हुँदाहुँदै पनि पार्टीले उनको सदस्यता 'पेन्डिङ' राखेको छ। यसबाट पार्टीभित्र आन्तरिक गुटबन्दी र अविश्वास रहेको सन्देश प्रवाह भएको छ। भण्डारीजस्ता वरिष्ठ नेतृको सदस्यता विवादमा पर्दा एमालेको संगठनात्मक अनुशासन र नियमप्रतिको निष्ठामा समेत प्रश्न उठेको छ।

विधान संशोधनमार्फत एमालेले 'संगठित सदस्य' र 'साधारण सदस्य' भनेर दुई तहको सदस्यता संरचना ल्याउन खोज्दैछ। यसले कार्यकर्ताहरूको बीचमा भिन्न वर्गको भावना जन्माउन सक्छ। साथै, नेतृत्वमा उमेर र कार्यकालको सिमा हटाउने प्रस्ताव समेत आएको छ। यसले अनुभवी नेताहरूलाई लामो समयसम्म नेतृत्वमा रहने बाटो खुला गरिदिए पनि, युवाहरूको सहभागिता र नेतृत्व विकासको मार्गमा अवरोध उत्पन्न हुन सक्छ। पार्टीको आत्मपुनरावलोकन प्रक्रियामा युवावर्गलाई सक्रिय सहभागी बनाउन नसके परिवर्तनको लक्ष्य अपुरो नै रहनेछ। अन्तर्राष्ट्रिय सन्दर्भमा हेर्दा, हाल नेपालले चीन, भारत र अन्य छिमेकीहरूसँगको सम्बन्धमा सन्तुलन कायम राख्नुपर्ने चुनौतीको सामना गरिरहेको छ। यस्तो अवस्थामा एमालेले आफ्नो परराष्ट्र नीतिमा स्पष्ट र स्थिर धारणा लिनु आवश्यक छ। नेपालको राष्ट्रिय हितको रक्षा गर्दै, कूटनीतिक वार्ताद्वारा लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रको विषयमा भारतसँग समाधान खोज्नु आवश्यक छ। यी संवेदनशील भू-क्षेत्रीय मुद्दाहरूमा एमालेले विगतमा समेत जनभावनाको प्रतिनिधित्व गर्दै राष्ट्रियता र सार्वभौमिकताका पक्षमा ठोस भूमिका खेलेको दाबी गरे तापनि, आजको परिस्थिति अझ बढी जिम्मेवार र परिणाममुखी दृष्टिकोणको माग गरिरहेको छ। एमालेले मुलुकका ७७ वटै जिल्लाबाट दोस्रो विधान महाधिवेशनमा प्रतिनिधित्व सुनिश्चित गर्दै विधान संशोधनको तयारी गरिरहेको छ। यस्तो प्रतिनिधित्वले महाधिवेशनलाई जनमतको आधारमा निर्णय गर्न सशक्त बनाउँछ। कार्यकर्ताहरूबाट आउने सुझाव, आलोचना र मार्गदर्शनलाई सुनुवाइ गरिनु आवश्यक छ। दोस्रो विधान महाधिवेशन केवल दस्तावेज संशोधन गर्ने औपचारिकता बन्नु हुँदैन, यसले पार्टीको भविष्य दिशा निर्धारण गर्ने रणनीतिक थलो बन्नुपर्छ।

वर्तमान राजनीतिक परिवेशमा जनता स्थायित्व, उत्तरदायित्व र पारदर्शिताको अपेक्षा राखिरहेका छन्। संविधान संशोधनको बहस तीव्र हुँदै गर्दा, एमालेलाई लोकतान्त्रिक मूल्य र समावेशी धारणालाई अँगाल्दै अगाडि बढ्नु पर्नेछ। नेतृत्वमा आत्मसमिक्षा, आन्तरिक लोकतन्त्रको अभ्यास र वैचारिक स्पष्टता कायम गरिनुपर्छ। यदि विधान संशोधनले पार्टीभित्र नेतृत्वलाई सर्वसत्तावादी बनाउने र विचार-बहसको ठाउँ सघन बनाउने हो भने, त्यो दीर्घकालीन दृष्टिकोणले हितकारी हुँदैन। लिपुलेक, लिम्पियाधुरा र कालापानीको सवालमा एमालेले मात्र हैन, सिंगो मुलुक एक स्वरमा उभिनुपर्ने आवश्यकता छ। यस्ता राष्ट्रिय सवालमा दलहरूबीच प्रतिस्पर्धा होइन, सहकार्य र साझा मोर्चा आवश्यक हुन्छ। एमालेले चाहिँ राष्ट्रियताको मुद्दामा सरकारलाई समर्थन गर्दै, दबाबमूलक भूमिका खेल्न सक्छ। सीमासम्बन्धी विषयमा संसदमा ठोस प्रस्ताव ल्याउने, अन्तर्राष्ट्रिय समुदायमा सशक्त कूटनीतिक अभियान सञ्चालन गर्ने, र आन्तरिक राष्ट्रिय चेतनालाई मजबुत बनाउनेतर्फ पार्टीले नेतृत्व गर्नुपर्नेछ। एमालेको विधान संशोधनले दिने सन्देश यो हुनुपर्छ कि पार्टी समयअनुसार रूपान्तरित हुँदैछ, तर सिद्धान्तविहीन हुँदै होइन। यदि परिवर्तन केवल सत्ता प्राप्तिको औजार बनाउने नियतले गरियो भने त्यसले पार्टीलाई दीर्घकालमा कमजोर बनाउनेछ। त्यसैले परिवर्तनको आधार स्पष्ट दर्शन, संस्थागत अनुशासन र उत्तरदायित्वयुक्त नेतृत्व हुनुपर्छ। संगठित कार्यकर्ताबाट जनताको प्रतिनिधित्व हुने भएकाले दोस्रो विधान महाधिवेशनमा सहभागीहरूले केवल पार्टीको हित होइन, सिंगो राष्ट्रको दृष्टिकोणबाट आफ्नो भूमिका निर्वाह गर्नु पर्छ। एमाले नेपाली जनतामाझ लामो समयदेखि स्थापित पार्टी हो, र उसले लिएको प्रत्येक निर्णय जनभावनासँग मेल खाने हुनुपर्छ। अन्त्यमा, एमाले अहिले एउटा निर्णायक मोडमा उभिएको छ। विचारधाराको जग बलियो राख्दै, नेतृत्वमा सुधार ल्याउँदै, र कार्यकर्तालाई निष्पक्ष र प्रगतिशील दिशामा डो-याउँदै अगाडि बढ्न सक्यो भने पार्टी पुनः जनसमर्थन प्राप्त गर्न सफल हुनेछ। तर, यदि परिवर्तन केवल सत्ता केन्द्रित, व्यक्तिवादी र असमावेशी भयो भने एमाले कमजोर हुँदै जानेछ, र त्यसको असर मुलुकको राजनीतिक स्थायित्वमा पनि पर्नेछ। जनताले एमालेबाट चाहेको कुरा स्पष्ट छ: राष्ट्रियताको रक्षा, विकासको गति, जनताको आवाजको प्रतिनिधित्व र नेतृत्वमा उत्तरदायित्व। यो सब पूरा गर्न विधान संशोधन केवल कागजको अभ्यास होइन, राजनीतिक इमानदारीको परीक्षण बन्नुपर्छ।

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९।०४।१७ मा प्रा.लि.नं.२९५१४१/०७९/०८० मा दर्ता भएको **अलिजा जेनरल स्टोर एण्ड सप्लायर्स प्रा.लि.** को मिति २०८२।०५।२० मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यालयहरुमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।


**लिक्विडेटर** : अर्जुन कोइराला (ईजाजत पत्र नं.१७१)

फोन नं.: ९८४११४१६१७





अनुरोधकर्ता
जनकनन्दनी गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश




अनुरोधकर्ता
कमला नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश





प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday